बैठक नं.६

आज मिति २०७९/०७/२९ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ३:३० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका सभाहल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | [signature] |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | [signature] |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | [signature] |
| ४ | सुनिल शाक्य | सदस्य | [signature] |
| ५ | विष्णु ढकाल | सदस्य | [signature] |
| ६ | नरिश्वर शर्मा | सदस्य | [signature] |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | [signature] |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | [signature] |
| ९ | पदमराज गाहा | सदस्य | [signature] |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | [signature] |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | [signature] |
| १२ | बल बहादुर पुन मगर | सदस्य | [signature] |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | [signature] |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | [signature] |
| १५ | नारायण प्रसाद पुन | सदस्य | [signature] |
| १६ | दधिराम न्यौपाने | सदस्य | [signature] |
| १७ | शिव राना | सदस्य | [signature] |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | [signature] |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | [signature] |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | [signature] |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | [signature] |
| २२ | निलम गौतम | सदस्य | [signature] |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | [signature] |
| २४ | बसन्ती वि.क. | सदस्य | — |
| २५ | रिना भुसाल | सदस्य | [signature] |
| २६ | सुनिता खड्लुक | सदस्य | [signature] |
| २७ | राधादेवी पौडेल | सदस्य | [signature] |
| २८ | यम बहादुर सुनार | सदस्य | [signature] |
| २९ | हेमा थामी | सदस्य | [signature] |
| ३० | टेकराज पन्थी | प्रमुख प्रशासकीय अधिकृत | [signature] |

प्रस्ताव नं.६.१
मिति २०७९।०६।३१ मा बसेको नगरकार्यपालिकाको पाँचौ वैठकबाट भएका निर्णयहरुको समीक्षा सम्बन्धमा ।

निर्णय नं.६.१

- मकै पकेट विकास कार्यक्रम संचालनका लागि प्रस्ताव स्वीकृत गरिएको ।
- लुम्बिनी बस टर्मिनलभित्र लाईटिङ्ग र सरसफाईका लागि आवश्यक निर्णय गरिएको ।
- विपद् व्यवस्थापन सम्बन्धमा भएका कामकारवाहीहरुको खर्च भुक्तानी गरिएको ।
- ठेला व्यवस्थापन सम्बन्धमा उपसमिति गठन गरिएको र उक्त समितिको वैठक समेत बसी सकेको ।
- केही नयाँ करका दररेट पहिचानका लागि विषय छनौट गरिएको ।
- केही संस्थाहरुलाई सहयोग उपलब्ध गराउने गरी निर्णय गरिएको ।

प्रस्ताव नं.६.२
दण्ड जरिवानाको दररेट स्वीकृत सम्बन्धमा ।

निर्णय नं.६.२
बुटवल उपमहानगरपालिका क्षेत्रभित्रका सार्वजनिक सडक तथा फुटपाथ चोक चौराह र बसपार्क क्षेत्रमा सरसफाई गर्ने व्यवस्था मिलाई यात्रुमहानुभावहरुको आवागमनमा सहज बनाई नगरलाई सौन्दर्यीकरण गर्ने प्रयोजनका लागि मिति २०७९।७।६ मा बसेको राजश्व परामर्श समितिको सिफारिस समेतका आधारमा बुटवल उपमहानगरपालिकाको आर्थिक ऐन, २०७९ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिम दण्ड जरिवाना तोक्ने निर्णय गरियो ।

देहाय :

क) सवारी साधनको अव्यवस्थित पार्किङ्ग, फोहोरमैला गर्ने तथा ठेला, टंकी र टेवुल/खाट राखी व्यापार व्यवसाय गर्नेलाई पहिलो पटक रु.५०००।००, दोश्रो पटक रु.८०००।०० र तेश्रो पटक रु.१०,०००।०० र त्यस पछि पनि उलङ्घन गरेमा सामान जफत गरी लिलाम प्रकियामा लैजाने ।

ख) डोका, साईकल र घुमन्ते फिरन्ते र वसपार्क क्षेत्रभित्र अनाधिकृत प्रवेश गरी व्यापार व्यवसाय गर्नेलाई पहिलो पटक रु.२०००।००, दोश्रो पटक रु.३०००।०० र तेश्रो पटक रु.५,०००।०० र त्यस पछि पनि उलङ्घन गरेमा सामान जफत गरी लिलाम प्रकियामा लैजाने ।

प्रस्ताव नं.६.३
राजश्व सुधार योजना स्वीकृत सम्बन्धमा ।

निर्णय नं.६.३
संवैधानिक र कानूनी प्रावधान अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र राजश्व संकलन, वजेट तर्जुमा र कार्यान्वयन गर्न सक्ने हुँदा यसलाई थप व्यवस्थित र पारदर्शी ढंगबाट अधिकारको प्रयोग हुन एवं आवधिक योजना तथा मध्यकालिन खर्च संरचना तर्जुमा गर्दा तीन बर्षमा खर्च गरिने क्षेत्र, कार्यक्रम, आयोजना र कियाकलापहरुमा लागत सहितको खर्चको प्रक्षेपण गर्न खर्च गरिने क्षेत्रहरुको प्राथमिकीकरण गर्न खर्चका श्रोतहरुको पहिचान र करको दायरा बढाउनुका साथै

क्षेत्रहरुको प्राथमिकीकरण गर्न खर्चका श्रोतहरुको पहिचान र करको दायरा बढाउनुका साथै वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्न बुटवल उपमहानगरपालिकाले राजश्व सुधार कार्ययोजना आ.व.२०७९/०८०-२०८१/०८२ स्वीकृत गरी कार्यान्वयनको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

**प्रस्ताव नं.६.४**

**लाईटिङ्ग व्यवस्थापन सम्बन्धमा।**

**निर्णय नं.६.४**

यस बुटवल उपमहानगरपालिका क्षेत्रभित्र प्रवेश गर्ने मुख्य प्रवेशद्धार पूर्व पश्चिम लोकमार्ग अन्तर्गत पूर्वमा धागो कारखाना समिपमा रहेको पुलमा, पश्चिममा तामनगरमा, उत्तरमा तल्लो सिद्धवावा मन्दिर समिपमा, दक्षिणमा योगीकुटीमा वडा नं.१६ स्थित शुद्धोधनको सिमाना र मोतीपुर र शुद्धोधनको सिमाना वेतहानीमा बुटवल उपमहानगरपालिकाको पहिचान देखिने डिजिटल स्वागत वोर्ड राख्ने र राजमार्ग चौराह देखि धागो कारखाना सम्म र तिनाउ पुल देखि तामनगरसम्म पनि सडकवत्तीको उचित व्यवस्था गरी उज्यालो शहर बनाई यात्रुमहानुभावहरुको आवागमनलाई सहज बनाउने निर्णय गरियो।

**प्रस्ताव नं.६.५**

**नागरिक वडापत्र सम्बन्धमा।**

**निर्णय नं.६.५**

यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरुमा समेत विगत बर्षहरु देखि नै नागरिक वडापत्र लागु गरी कार्यान्वयनमा रहेको हुँदा उक्त वडापत्रमा समय सापेक्षित रुपमा संशोधन र चालु आ.व. ०७९/०८० का लागि स्वीकृत बार्षिक नीति तथा कार्यक्रमको स्थानीय सेवा, जनशक्ति विकास व्यवस्थापन तथा सुशासन प्रवर्धन तर्फको बुँदा नं.१९ मा नागरिक वडापत्र तयार गरी लागु गरिनेछ । नागरिक वडापत्र राष्ट्रभाषाका अतिरिक्त जनसांख्यिक रुपमा प्रमुख दुई भाषामा राखिनेछ भनी उल्लेख भएको हुँदा कार्यालयबाट तयार भई आजको वैठकमा प्रस्तुत हुन आएको वडास्तरीय र नगरकार्यपालिकाको कार्यालय तर्फको नागरिक वडापत्र (Citizen Charter) देहायको भाषामा रुपान्तरण गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

नेपाली : ७३%

मगर : ८%

थारु : ८%

**प्रस्ताव नं.६.६**

**सुझाव कार्यान्वयन सम्बन्धमा।**

**निर्णय नं.६.६**

०८६/०८/२९

अख्तियार दुरुपयोग अनुसन्धान आयोग टङ्गाल, काठमाण्डौंको च.नं.१७०७३ मिति २०७९।६।३० को पत्र सन्दर्भमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार, काठमाण्डौंको प.सं. ०७९/०८० च.नं.१२५ मिति २०७९।७।१५ को पत्र साथ प्राप्त हुन आएको ३१ बुँदे सुझावहरु आजको बैठकमा प्रस्तुत भई जानकारी भयो । उल्लिखित सुझावहरु क्रमश: कार्यान्वयन गर्दै जाने समेत निर्णय गरियो ।

**प्रस्ताव नं.७ विविध ।**

**प्रस्ताव नं.६.७.१**

**सूचना प्रकाशित सम्बन्धमा ।**

**निर्णय नं.६.७.१**

भुमि वर्गीकरणको सन्दर्भमा वडा नं.१४-१९ को हकमा कृषि क्षेत्रमा जान इच्छुक कृषकहरुका लागि पुन: पूर्नविचार गर्ने मौका दिन उपयुक्त हुने ठानिएको हुँदा कित्ता उल्लेख गरी जग्गाधनि पूर्जा सहित सम्बन्धित वडाहरुमा निवेदन दिनका लागि ७ (सात) दिनको सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.६.७.२**

**इन्धन सम्बन्धमा ।**

निर्णय नं.६.७.२

**यही २०७९/८/४ गतेका दिन सम्पन्न हुन गईरहेको प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन २०७९ लाई स्वतन्त्र, स्वच्छ, निस्पक्ष, भयरहित र शान्तिपूर्ण रुपमा सम्पन्न गर्न एवं घुम्ति (मोवाईल) टोली संचालन प्रयोजनका लागि इन्धन माग भएको हुँदा देहाय बमोजिम इन्धन उपलब्ध गराउने निर्णय गरियो ।**

- **गरुड दल गण-१०० लि. डिजल**
- **इलाका प्रहरी कार्यालय, बुटवल-१०० लि. डिजल**
- **शसस्त्र प्रहरी गण-१०० लि. डिजल**

**अन्त्यमा उपस्थित सवैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।**

०८।१०।१८